म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २५ २०८० मंसिर २६ गते मंगलबार 12 December 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

## गाँजासहित दुई भारतीय पक्राउ

समाज संवाददाता

हेटौँडाः लागुऔषध गाँजासहित मकवानपुर प्रहरीले २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । सोमबार बिहान १० बजेर ४० मिनेटको समयमा पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट प्रहरीले ४५ किलो १२० ग्राम गाँजासहित २ जनालाई पक्राउ गरेको हो ।

हेटौँडाबाट बीरगन्जतर्फ जाँदै गरेको डीएल ४३ एनबी ५९९४ नम्बरको भारतीय बोलेरो गाडीलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा गाँजा बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले बोलेरो गाडीका चालक भारतको बिहार राज्य मोतिहारी जिल्ला पूर्वि चम्पारणका २४ वर्षीय भुषण कुमार र बोलेरोमा सवार २१ वर्षीय साजन सिंहलाई पक्राउ गरेको छ। प्रहरीले लागुऔषध गाँजासहित भुषण कुमार र साजन सिंहलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको जनाएको छ।

# जाडो बढेसँगै अस्पतालमा बिरामीको चाप कम

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा रहेको भीमफेदी प्राथमिक अस्पतालमा जाडो सुरु भएसँगै उपचारका लागि आउने बिरामीको चाप कम भएको छ। गाउँपालिका पहाडी क्षेत्रमा पर्ने र जाडो हुने कारणले अस्पतालमा बिरामीको चाप कम भएको अस्पतालकी मेडिकल अधिकृत डा. पूजा यादवले जानकारी दिनुभयो ।

डा. यादवका अनुसार अस्पतालमा गर्मी महिनामा दैनिक औसत ४० जना बिरामी उपचारका लागि आउने गरेकोमा अहिले दैनिक २५ देखि ३० जना बिरामी आउने गरेका छन् । प्राथमिक अस्पतालबाट डा. यादवले सेवा दिनुहुन्छ भने सहयोगका लागि ३ जना सहयोगी रहेका छन्। अस्पतालमा एक जना डाक्टरले मात्र सेवा दिन नभ्याउने र जनशक्तिको अभाव रहेको डा. यादवले बताउनुभयो ।

गाउँपालिकाका बासिन्दाहरुको बीमा भएका कारण अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या वृद्धि भएको छ। डा. यादवका अनुसार अस्पतालले ओपीडी, एमएसएस, गर्भपतन, डेलिभरी, बीमालगायतका सेवा प्रदान गर्ने गरेको छ । गाउँपालिकाको अस्पतालमा अन्य पालिकाका बिरामी फाट्टफुट्ट आउने गरेका छन् । अस्पतालमा ४० वर्षमाथिका बिरामी धेरै आउने गरेको डा. यादवले बताउनुभयो ।

गाउँपालिकाको स्वास्थ्य शाखामा एउटा एम्बुलेन्स रहेको छ । अहिलेको समयमा बिरामीहरुमा रुघाखोकी, पखाला तथा बान्ताजस्ता समस्या देखिने गरेको छ । पालिकाको अस्पतालमा जाँच गर्न आउने सेवाग्राहीमा धेरै उच्च रक्तचाप, खाना विषाक्तता, मधुमेह, दुर्घटनालगायतका समस्यासमेत देखिने डा. यादव बताउनुहुन्छ । पालिकाका बासिन्दाहरुले सिधै धाराको पानी खाने गरेकाले धेरै बिरामीहरुमा पानी संक्रमणको समस्या देखिने उहाँले बताउनुभयो ।

अस्पतालले रिफर गर्नुपर्ने बिरामीलाई हेटौंडा अस्पताल, भरतपुर अस्पताल, टिचिङ अस्पताल तथा बिरामीको स्वेच्छाको अस्पतालमा रिफर गर्ने गरेको छ । डा. यादवका अनुसार बिरामीहरु पुनः जाँचका लागि समेत आउने गरेका छन्। भीमफेदी गाउँपालिकामा प्राथमिक अस्पतालका साथै ८ वटा स्वास्थ्यचौकी रहेको छ । गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रामनाथ थिङका अनुसार पालिकाले यस वर्षसम्म अस्पताल सञ्चालनमा ल्याउने भएको छ । अस्पतालको भवन अन्तिम चरणमा आइपुगेको छ भने भित्रको पेन्टिङ र डेकोरेसन गर्न बाँकी रहेको उहाँले बताउनुभयो ।

# प्रहरीलाई बालसंरक्षण सम्बन्धी अनुशिक्षण



समाज संवाददाता

हेटौँडाः बालबालिकाको संरक्षणको क्षेत्रमा क्रियाशील संस्था सिविन नेपालको आयोजनामा मकवानपुर जिल्लाका विभिन्न प्रहरी इकाईमा वरिष्ठ तथा कनिष्ठ प्रहरी अधिकृतका लागि बालसंरक्षणसम्बन्धी अनुशिक्षण कार्यक्रम भएको छ । हेटौँडामा सोमबार एक दिवसीय अनुशिक्षण कार्यक्रममा ३० जना प्रहरीको सहभागिता रहेको थियो ।

विशेषगरी अनलाइनमार्फत बालबालिकामाथि हुने दुर्व्यवहारका घटनालाई लिएर प्रहरी इकाईले पीडितको संरक्षण र पीडकलाई कारवाहीको दायरामा ल्याउन निर्वाह गर्नुपर्ने भूमिका र अपनाउनुपर्ने सतर्कताका विषयमा जानकारी गराइएको थियो । साइवर सुरक्षाका दृष्टिले बालबालिका अत्यन्त जोखिममा रहने गरेको उल्लेख गर्नुहुँदै सिविन नेपालद्वारा सञ्चालित बालहेल्पलाइन हेटौँडाका प्रमुख झविन्द्र ज्ञवालीले बालबालिकाको सुरक्षा र संरक्षणका लागि प्रहरीको भूमिका सवल बनाउन अनुशिक्षणको आयोजना गरिएको जानकारी दिनुभयो ।

अनुशिक्षणमा नेपाल प्रहरीको साइवर व्युरो काठमाडौंका प्रहरी उपरीक्षक पशुपति राय, सिविन नेपालका फिल्ड म्यानेजर माधव लोहनी र सिविन हेल्पलाइन हेटौँडाका प्रमुख झविन्द्र ज्ञवालीले सहजीकरण गर्नुभएको थियो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सिविन नेपालका अध्यक्ष माधव प्रधानको पनि उपस्थिति रहेको थियो ।

# अकबरे खुर्सानीको मूल्य बढ्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा अकबरे खुर्सानीको मूल्य बढेको छ। सोमबार हेटौंडा-१ स्थित राप्तीतटमा रहेको तरकारी थोक बजारमा अकबरे खुसार्नी प्रतिकेजी ३ सय ६० रुपैयाँमा बिक्री भएको हो। यसअघि थोक बजारमा अकबरे खुर्सानी प्रतिकेजी ३ सय रुपैयाँमा बिक्री भइरहेको थियो ।

तरकारी तथा फलफूल थोक बजारमा सोमबार करेला ७० रुपैयाँ देखि ८० रुपैयाँमा बिक्री भएको छ । मौसम परिवर्तन भएसँगै तरकारीको आपूर्तिमा हुने घटबढका कारण तरकारीको मूल्य घटबढ भइरहने व्यवसायीको भनाइ छ ।

सोमबार परवलको थोक बिक्री मूल्य प्रतिकेजी ६० रुपैयाँ कायम भएको छ । यस्तै, केराउ कोसा ५० रुपैयाँ, कागती एक सय रुपैयाँ, माछे खुर्सानी ७० रुपैयाँ र भेंडे खुर्सानी ८० रुपैयाँ प्रतिकेजीमा थोक बिक्री भएको छ। काउली भने थोक बजारमा प्रतिकेजी १५ रुपैयाँ बिक्री भएको व्यवसायीको भनाइ छ । यस्तै, रायोको साग थोकमा १० रुपैयाँ प्रतिमुठामा बिक्री भएको छ। करिब १ महिनाअगाडि रायोको सागको थोक बिक्री मूल्य प्रतिमुठा ५ रुपैयाँ थियो। तरकारी थोक बजारमा मुला प्रतिकेजी २० रुपैयाँ, टमाटर प्रतिकेजी ३० रुपैयाँ, काँक्रो प्रतिकेजी ३० रुपैयाँमा बिक्री भएको छ । थोक बजारमा गाजर ४० रुपैयाँ प्रतिकेजी, लौका २० देखि ३० रुपैयाँ प्रतिकेजी र हरियो धनियाँ ३० देखि ५० रुपैयाँ प्रतिकेजीमा बिक्री भएको छ ।

हार्दिक बधाई



*यस संस्थाका अध्यक्ष **मिठाराम दाहाल** जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको लेखा सुपरीवेक्षण समितिको संयोजकमा निर्वाचित हुनुभएकोमा हामी गौरवान्वित भएका छौं । उहाँ लगायत नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

एका लाल श्रेष्ठ, उपाध्यक्ष
एवम् नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मकवानपुर

हार्दिक बधाई



*यस संस्थाकी अध्यक्ष आदरणीय **कल्पना श्रेष्ठ** जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको अध्यक्षमा दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएकोमा हामी गौरवान्वित भएका छौं । उहाँको नेतृत्वमा नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

मेनुका दाहाल, व्यवस्थापक
एवम् जागरण बचत तथा ऋण सहकारी संस्था लि. परिवार
मकवानपुरगढी-३, मक्रान्चुली

## सम्पादकीय

# कमजोर मानव अधिकार

आइतबार ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । हरेक वर्ष डिसेम्बर १० का दिन विश्वभर अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइन्छ । संयुक्त राष्ट्रसंघको महासभाबाट मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिएको हो । सन् १९४८ को डिसेम्बर १० मा मानव अधिकार घोषणापत्र पारित भई जारी भएको भए पनि आधिकारिकरुपमा सन् १९५० बाट यो दिवस बनाउन थालिएको हो । यस वर्ष "स्वाभिमान, स्वतन्त्रता र सबैका लागि न्याय" भन्ने नाराका साथ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइएको छ । दिवसका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन भएमात्र बहुलवादमा आधारित संसदीय लोकतान्त्रिक शासन प्रणाली बलियो हुने बताएका छन् । मानव अधिकार दिवसका अवसर मा शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले जातीय, क्षेत्रीय, लैङ्गिक तथा परम्परागत विभेदमा कारणलाई सम्बोधन गर्न संविधानमा मौलिक हकको व्यवस्था भएबमोजिम कानुन बनाई मानवअधिकारको प्रत्याभूति दिलाउन सरकार प्रयत्नशील रहेको बताएका छन् ।

विश्वका धेरै देशले स्वीकार्दै र पालना गर्दै आएको मानव अधिकार घोषणापत्र विश्वभरका ५ सयभन्दा बढी भाषामा अनुवादित भई प्रकाशन गरिएको छ । नेपालको संविधानले नागरिक तथा राजनीतिक अधिकारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्दै विधिको शासन कायम गर्ने व्यवस्थालाई उच्च प्राथमिकता दिएको छ । मानव जन्मेदेखि नमरुञ्जेलसम्म सम्मानितरुपमा अरुसरह बाँच्नका लागि चाहिने सम्पूर्ण आधारभूत आवश्यक्ताहरुलाई मानव अधिकारको रुपमा बुझ्न सकिन्छ । हामी सबैको आधारभूत अधिकारको रुपमा रहेको मानव अधिकार प्राप्तिका लागि सचेत बनाउने र आवाज बुलन्द गर्ने दिनका रुपमा मानव अधिकार दिवस मनाइने गरिएको भए पनि नेपालमा मानव अधिकारको अवस्था अझै सबल बन्न सकेको छैन । मुलुकको संविधान र अन्य कानुनले विधिको शासनलाई अंगीकार गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भइरहेको छैन । यसले मानवअधिकारको प्रत्याभूतिबाट कयौं नागरिक वञ्चित हुनु परिरहेको छ । शक्ति र सत्ताको पहुँच भएकाबाहेक सामान्य नागरिकले न्यायको अनुभूति गर्न नसकिरहेको अवस्थामा मानव अधिकार कमजोर बन्दै गएको छ ।

मानवअधिकार उल्लंघनको एकमात्र कारण मानिस-मानिसबीच हुने विभेद हो । हरेक मानिसको जीवनको सुरुवात र अन्त्य समान तरिकाले हुन्छ । तर, जीवनयापन गर्ने क्रममा भने मानिसबीच नै विभिन्न प्रकारका विभेद हुने गरेको छ । जाति, लिङ्ग, धर्म, वर्ग, वर्ण, क्षेत्र, भाषा, संस्कृति आदिका आधारमा मानिसबीच विभेद भइरहेका छन्, जुन मानव अधिकार हनन्का उदाहरण हुन् । हरेक व्यक्तिले नागरिक अधिकार, राजनीतिक अधिकार, सामाजिक अधिकार, आर्थिक अधिकार र सांस्कृतिक अधिकार प्राप्त गरेमा आधारभूत मानव अधिकार पाएको मान्ने गरिन्छ । तर, नेपालमा धेरै हदसम्म राजनीतिक अधिकार र केही हदसम्म सामाजिक अधिकार पाइएको भए पनि अन्य अधिकारको हिसाबले नेपाली निकै पछि छन् ।

नेपालको संविधानले ३१ वटा मौलिक हकको व्यवस्था गरी मानव अधिकारको प्रत्याभूतिको व्यवस्था गरेको छ । तर, ती सबै हक अधिकार आम नेपाली नागरिकले उपभोग गर्न पाएका छैनन् । यसले नेपालमा मानव अधिकारको अवस्था अझै कमजोर रहेको प्रष्ट हुन्छ । मानव अधिकार प्राप्तिका लागि मानव अधिकारको हनन गर्नेहरुलाई कानुनी कारबाही हुनु आवश्यक छ । वर्षमा एक दिन राष्ट्र प्रमुख र सरकार प्रमुखले शुभकामना सन्देश दिएर मानव अधिकार दिवस मनाउँदैमा मानव अधिकारको प्रत्याभूति हुँदैन । राजनीतिक दल तथा राज्य संयन्त्र कटिबद्ध बनेर मानव अधिकार हनन हुन नदिने र मानव अधिकार हनन गर्नेलाई प्रभावकारी कानुनी कारबाही गर्न सकेमा मात्र मानव अधिकार दिवस मनाउनुको सार्थकता रहनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बिचारको कदर हुने समय योग रहेको छ ।
**वृष** : निर्णयात्मक काममा ध्यान केन्द्रित रहने योग छ ।
**मिथुन** : दीर्घकालिन योजनाहरु बन्ने समय योग छ ।
**कर्कट** : समय संघर्षकारक नै मान्नुपर्ने देखिन्छ ।
**सिंह** : पेशा–व्यवसायमा सोचे अनुरुप लाभ प्राप्त ।
**कन्या** : आर्थिक पक्ष र खर्चवर्चका बारेमा चिन्ता बढ्ला ।
**तुला** : शारीरिक स्वस्थता बढ्दै जाने समय योग छ ।
**वृश्चिक** : कार्यक्षेत्र र प्रशासनिक काममा दक्षता बढ्ला ।
**धनु** : अरुलाई प्रभावित पारेर काम बनाइएला ।
**मकर** : जोखिम र सत्रुबाट बच्दा राम्रो होला ।
**कुम्भ** : मायाप्रेम र रतिरागमा संलग्न भइएला ।
**मीन** : बहस र बादविवादमा संलग्न भइएला ।

# युवा पलायनको मर्म



राजुप्रसाद गौतम



ऊर्जाशील युवा शक्तिको वैदेशिक बसाइँसराइको रहर अहिले उत्कर्षमा छ । आफ्नै भविष्य बनाउन रगत-पसिना बगाउनुपर्ने यो ऊर्जाशील युवा 'बर्मा गए पनि कर्मसँगै'को बाटो किन रोज्दैछ ? उनीहरूलाई के कुराले तानेको छ या के कुराले धकेल्दैछ ? यो नेपाली समाजमा सबैभन्दा पेचिलो सवाल बनेको छ ।

भरपर्दो तथ्याङ्कले यकिनै भन्न नसकिए पनि हाराहारी ३ करोड जनसंख्यामध्ये अहिले ६० लाख भन्दा बढी अर्थात् २० प्रतिशत नेपाली युवा श्रमिक देश बाहिर पूर्ण तथा आंशिक रोजगारीमा छन् । श्रम बजारमा हरेक वर्ष आउने ५ लाख हाराहारीका ऊर्जाशील युवालाई जीवन धान्ने उपाय नेपाली श्रम बजारले दिन नसकेसँगै यस्तो बसाइँसराइ खाडी मुलुक हुँदै विश्वभरि नै फैलिएको छ ।

कामको खोजीमा मुग्लान पस्ने हाम्रो पुरानै चलन हो । पछिल्लो पटक गाउँघरमा माओवादी द्वन्द्व चर्केसँगै गाउँका केही युवा पढाइ तथा कामको खोजीमा सबैभन्दा पहिले शहर पसे । उनीहरु शहरले रोजगारी दिने छाँट नदेखेपछि विदेशिन थालेका हुन् । द्वन्द्व अन्त्यसँगै अवसरको पर्खाइमा लाम लागेका सबै युवाको शहर हुँदै विदेश यात्रा तीव्र भएको हो । यो यात्रा मुलुकभित्र रोजगारी र आम्दानीको अभावमा अहिले थप फस्टाएको छ ।

पहिले शहर तथा विदेश जाने कुरा गाउँघर, परिवार र समुदायमा प्रतिष्ठा र गर्वको विषय मात्र थियो । तर अहिले यो बहुसंख्यक घरपरिवारको आम्दानीको स्रोत र राज्यका लागि विदेशी मुद्राको मुख्य स्रोत समेत बनेको छ । अहिले एकतिहाइ भन्दा बढी औसत आन्तरिक आम्दानीको स्रोत बनेको विप्रेषणले नै खर्ब बढीको हाम्रो खानेकुरा र अन्य उपभोग्य वस्तुको आयात थामेको छ ।

यसको परिणाम भने धेरै सकारात्मक छैन । यो स्वयं परदेशिने युवा, घरपरिवार र समाजकै दुःख र पीरको कारक बनेको छ । कोही दुर्घटना वा अन्य कारणले जीवन गुमाएर बाकसमा फर्काइन्छ भने सास सहित फर्किएकाहरूको पनि बाँच्ने आधार खोसिएको हुन्छ, उनीहरूको कथा बेग्लै छ ।

ऋणको मिटरब्याजदेखि परदेशिने दिदीबहिनीका कथाव्यथा झनै कहालीलाग्दा छन् । ४० कटेपछि रमाउँला भन्दै परदेशिने युवाभित्र गुम्सिएको सामाजिक मनोविज्ञान झनै पीडादायी छ ।

यी सबै जान्दाजान्दै पनि हिजोआज नेपाल बस्न चाहने युवा विरलै भेटिन्छन् । घरै छोड्न नसक्ने अशक्त र मौका नपाउनेको कुरा बेग्लै भयो, नत्र कुनै युवाले नेपालमै बसेर केही गर्छु भनेको सुन्न कमै पाइन्छ । एक दुई जना आफ्नै विवेकले, केही बा-आमा र आफन्तका करकापले बाध्य भएका युवा बाहेक सबै पलायनको यात्रामा लामबद्ध छन् । यो यात्राको सम्मोहनले कसैलाई छोडेको छैन । यसको छनक राहदानी विभागदेखि हवाईअड्डासम्म प्रष्ट देखिन्छ ।

यसरी विदेशिने ऊर्जावान् श्रमशक्तिमा सबै वर्ग, जात लिङ्ग र भूगोलका बासिन्दा छन् । यिनमा लालाबालाका आमा-बादेखि सामाजिक जीवनको पूर्वार्द्धमा पाइला टेक्दै गरेका पाका मानिससँगै जुँगाको रेखीधरि बसिनसकेका कलिला युवासम्म छन् । यीमध्ये धेरै ग्रामीण युवा किसान नेपालको हराभरा खेतबारी छोडेर रोजगारीका लागि भारत र खाडी मुलुकमा छन् ।

केही घरानियाँ, पढेलेखेका, अब्बल र सचेत बा-आमाका उत्कृष्ट भनिएका सन्तति भने अध्ययनका लागि भन्दै विकसित भनिने युरोप, अष्ट्रेलिया र अमेरिका पुगेका छन् ।

उता, यीमध्ये अधिकांश अध्ययनपछि उतैको समृद्धि यात्रामा जुटेका छन् । यसरी परदेशिएका केहीलाई नेपालको औधी माया झांगिएको छ । उनीहरूलाई चुनावमै प्रतिस्पर्धा गर्ने गरी राजनीतिक अधिकार सहितको दोहोरो नागरिकता चाहिएको छ । आफूले रिझाएका नेतालाई भोट हाल्न बाहेक यस्तो नागरिकता किन चाहियो ? उनीहरूसँग बनावटी तर्क होला तर चित्तबुझ्दो जवाफ छैन ।

यता, आम अभिभावकको त कुरै छोडौं, धेरैजसो समाजमा कहलिएका नेता, कर्मचारी, सामाजिक अभियन्ता र उद्यमी अभिभावक समेतले आफ्ना सन्तानलाई मुग्लान पठाएका छन् । अधिकांश यसमा गर्वित छन् । सार्वजनिक खपतका लागि आश्वासन र अर्ति दिने कुरा बेग्लै भयो, नत्र कसैले पनि युवाहरूलाई 'नेपालमै बस, तिम्रो र यो समाजको भविष्य राम्रो हुन्छ' भन्ने आँट गर्न सकेका छैनन् ।

अहिलेसम्म नेपालको जनसांख्यिक विभाजनमा यिनै ऊर्जाशील युवाशक्तिको बाहुल्य छ । तर यी सबै देश बाहिर जान आतुर छन् । मुलुकको अर्थतन्त्र यिनै युवाको रगत-पसिनाले पठाएको विप्रेषणले धानेको छ । कुनै पनि कारणले अहिलेकै अवस्था रहिरह्यो र नेपालमा बाँकी रहने अहिलेको पुस्ताले आउने दशकमा उन्नति र प्रगतिको फड्को नमारी पाको उमेरमा पाइला राख्ने परिस्थिति बन्यो भने, नेपाली समाजको दुर्दिनको गन्ती त्यहींबाट सुरु हुन्छ । किनकि अहिलेको एक चौथाइ जनसंख्याले त्यतिबेला आफ्नै ज्यान पाल्ने र स्याहार गर्ने जोहो गर्न समेत श्रम गर्ने हैसियत गुमाइसकेको हुनेछ ।

यस्तो अवस्थामा हाम्रो समाजको भविष्य अझ कस्तो होला ? यिनले नेपालमा भविष्य किन देख्न सकेका छैनन् ? यिनलाई आश जगाउनुपर्ने नेपाली समाजको अगुवा वर्ग कहाँ बरालिएको छ ? यी र यस्ता धेरै निकै पेचिला प्रश्नहरू छन्, जसको समय छँदै जवाफ नखोज्ने हो भने नेपाली समाजले युवा पलायनको बाटो हुँदै निकट भविष्यमा समाजकै विघटनको यात्रा तय गर्नेछ भन्न हिच्किचाउनुपर्दैन ।

चाहे मानिस होस् या अन्य जीव आफ्नो थातथलो छोड्ने मुख्य कारण भनेकै पेटभरि खान नपाउने भय र असुरक्षा हो । समाज विकास क्रममा यसको सन्दर्भ फेरिएर अहिले रोजगारी र आम्दानी नहुने डर भएको छ । उमेर समूहको हिसाबले युवा वर्गले नै सबैभन्दा पहिला यो डरको सामना गर्नुपर्छ । त्यसैले बहुसंख्यक युवा सबैभन्दा पहिले आफ्नै पेट पाल्न र घरपरिवारका लागि बिहान-साँझको चुलो बाल्न घर छोडेका हुन् ।

यो वर्ग समाजको सबैभन्दा ऊर्जाशील र सिर्जनशील जमात हो । पेटको आगो निभाउने उपाय भए यो वर्ग सधैं नयाँ-नयाँ अवसरको खोजीमा हुन्छ । प्रविधिमा आएको बदलावसँगै अहिलेको अधिकांश युवा पुस्ताले आफ्ना आमा-बाले गरे जस्तो खेतीपातीमा लागेर आफ्नो भविष्य राम्रो हुने छाँट देखेको छैन । एकातिर उसलाई आजको समाज, राजनीति र शिक्षाले कृषि कर्म गरेर रोजगारी र आम्दानीको भरोसा दिलाउन सकेन ।

अर्कोतिर, अहिलेकै अवस्थामा तत्कालै रोजगारी र आम्दानीका क्षेत्र विस्तार हुने आश गर्ने कुनै आधार समेत उसले देखेको छैन । यस्तो अवस्थामा उसले अवसरको खोजीमा विदेश पलायनको बाटो रोज्नु स्वाभाविक छ ।

सँगै, युवालाई उमेर समूहको मात्र

....बाँकी पृष्ठ ३ मा

# कमजोर देशलाई युरोपको जस्तो नीति बनाएर बाध्नु गभर्नरको कमजोरी



अशिम कँडेल

बैङ्क तथा वित्तीय संस्थाले सर्वसाधारणबाट निक्षेप जम्मा गर्छन् र ऋणका रुपमा लगानी गर्छन् । हरेक देशको सही तरिकाले आर्थिक गतिविधि सञ्चालन हुन र विकास तथा रोजगारीका लागि वित्तीय संस्थाको महत्वपूर्ण भूमिका रहन्छ । कोभिडको समयमा लगानीका अन्य विकल्प बन्द हुँदा बैङ्कमा तरलता अधिक मात्रमा जम्मा भएको थियो । त्यसले गर्दा बैङ्क तथा वित्तीय संस्थाहरुले सिङ्गल डिजिटमै लगानी गरेका थिए । अर्थतन्त्रमा कोभिडको प्रत्यक्ष असर देखिन थालेपछि, रुस र युक्रेनको लडाइँ जस्ता कारणले पेट्रोलियम पदार्थको मूल्यमा व्यापक वृद्धि भयो । यस व्यापक रुपमा मुद्रास्फीति हुन पुग्यो ।

नेपालले महँगोमा विदेशी सामना र पेट्रोलियम पदार्थको आयात गर्नुपर्ने र कोभिडले पर्यटन उद्योग प्रत्यक्ष मारमा परेकाले विदेशी मुद्रा सञ्चितिमा व्यापक दबाब पर्न गयो । करिब एक वर्ष वस्तु तथा सेवा आयात धान्न पुग्ने डलर सञ्चिति घटेर करिब ६ महिनालाई मात्र पुग्ने स्थितिमा पुग्यो ।

कोभिडले गर्दा उद्योगधन्दा कलकार खाना, पेसा व्यवसाय सबै बन्द हुन पुगे, जसले गर्दा लाखौंले रोजगारी गुमाए । व्यवसाय नहुँदा र बन्द गर्नुपर्दा बैङ्कको ब्याज तथा किस्ता तिर्न व्यवसायी तथा आमसर्वसाधरण जनता असक्षम भए । व्यवसाय र रोजगारी आयात निर्यात प्रभावित हुँदा सरकारको राजस्व सङ्कलनमा प्रत्यक्ष प्रभाव पर्दा पुँजीगत खर्च गर्ने त कुरै भएन सञ्चालन खर्चसम्म गर्न नसक्ने अवस्थामा सरकार पुग्यो । अर्बौं रकम ठेकदारलाई भुक्तानी गर्न नसक्दा अर्थतन्त्र झन् जटिल अवस्थामा पुग्यो । लगभग ६० देखि ७० प्रतिशत रेमिटेन्समा अडिएको हाम्रो अर्थतन्त्र विदेशमा काम गर्ने नेपालीले रोजगारी गुमाउँदा थप प्रभावित भयो ।

अहिले अर्थतन्त्र बिस्तारै लयमा फर्किन थालेको छ । करिब १ वर्षलाई वस्तु तथा सेवा आयात गर्न पुग्ने डलर सञ्चिति राष्ट्र बैङ्कसँग रहेको छ । पर्यटन आगमन र व्यवसाय करिब कोभिड अगाडिकै अवस्थामा पुगेको छ । रेमिटेन्स पनि पुरानै अवस्थामा फर्किएको छ । कोभिडका कारणले बन्द भएका उद्योगधन्दा, कलकारखाना, पेसा व्यवसाय र रोजगारी पनि बिस्तारै लयमा फर्किंदै छन् । बैङ्कका खराब कर्जा पनि पुनर्तालिकीकरण गर्दै बिस्तारै व्यवसायीहरु कर्जा तिर्ने वातावरण बनाउँदै छन् । तर पनि देशको अर्थतन्त्र र बैङ्क तथा वित्तीय संस्थाको नेतृत्व गर्ने व्यक्ति गभर्नर जुन तरिकाले अर्थतन्त्रलाई लयमा हिँडाउनुपर्ने हो त्यतातिर हिँड्न अझ पनि खोजेको देखिँदैन ।

उद्योगी र व्यवसायीलाई लोन नै लिन नसक्ने हिसाबले वर्किङ क्यापिटल लोनमा अझ पनि सहज गर्न सकेको छैन । आर्थिक गतिविधिको मुख्य अङ्ग पुँजी बजार र घरजग्गा व्यवसायलाई राष्ट्र बैङ्कले हेर्ने दृष्टिकोण पूर्ण रूपमा नेगेटिभ र पूर्वाग्रहपूर्ण देखिन्छ । हाम्रो जस्तो दक्षिण एसियामा कमजोर देशलाई युरोपमा जस्तो नीति बनाएर जबरजस्ती बाँध्न खोज्नु गभर्नरको गम्भीर कमजोरी हो । अझै पनि राष्ट्र बैङ्क मार्जिन लेन्डिङ र रियल स्टेट कर्जाको जोखिम भार कोभिडपूर्व १०० प्रतिशतमा लान तयार देखिँदैन । बैङ्क तथा वित्तीय संस्थालाई दोस्रो बजारमा कारोबार गर्न रोक लगाएको छ, जुन गलत छ ।

बैङ्कमा अधिक रुपमा तरलता थुप्रिएको छ तर ब्याजदर महँगो भएकाले ऋण लगानी भएको छैन । ब्याजदर घटाउने तरिकाले नीतिगत निर्णय गर्न पनि राष्ट्र बैङ्कलाई जहिले समस्या । सिडी रेसियो लगभग ८० प्रतिशतमा आउँदासम्म ऋण लगानी बढ्ने किसिमले पोलिसी रिभ्यु गर्न नसक्नु राष्ट्र बैङ्कको गम्भीर कमजोरी हो । पुँजी बजारलाई जबरजस्ती नत्थी लगाएर क्याप तोक्नु पनि गलत छ । के त ब्रोकरमार्फत सहज रूपमा मार्जिन लेन्डिङ गर्नुपर्यो । होइन भने बैङ्कलाई खुला रुपमा लगानी गर्न दिनुपर्यो । राज्य र राज्यका निकायलाई जनतालाई आशा देखाउने हो न कि जबरजस्ती फ्रस्टेड बनाएर विदेश धपाउने । भारतमा समस्या थिएन र ? थियो नि तर त्यहाँको अर्थतन्त्र पुँजी बजार लाइनमा आइसक्यो त । यो अवस्थामा पोलिसी टाइट मात्र गर्नुभन्दा जनतालाई सहज तरिकाले व्यवसाय गर्ने ऋण लिन पाउने वातावरण बनाई जनतालाई भरोसा जगाउने समय हो । त्यसैले अर्थ मन्त्रालय राष्ट्र बैङ्कबिच उचित समन्वय गरी तत्काल सहज वातावरण बनाउन जरुरी छ । कुनै राजनीतिक दलको राजनीतिक स्वार्थको भारी देश र जनतामाथि लाद्ने काम भयो भने जनताले माफी गर्ने छैनन् । स्थिति थप बिग्रिने छ । त्यसैले जिम्मेवार निकायको बैलैमा ध्यान पुगोस् र बाँच्ने र गरिखाने तरिकाले जनतालाई आसा जगाउने वातावरण बनोस् भन्न चाहन्छु । *(स्रोतः रातोपाटी)*

# बालबालिकामा भाइरल संक्रमणको जोखिम बढ्दै

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा जाडो बढ्नासाथ धेरै बासिन्दाहरुलाई विभिन्न रोगको संक्रमण देखिएको छ। जाडो बढ्नासाथ हेटौंडा अस्पतालको बालरोग विभागमा उपचारका लागि आउने बालबालिकाहरुमा विभिन्न भाइरल संक्रमण देखिन थालेको चिकित्सकहरु बताउँछन् ।

अहिलेको समयमा अस्पतालमा उपचार गर्न आउने धेरैजसो बालबालिकामा भाइरल संक्रमण, ज्वरो, डेंगु, रुघाखोकी, पखाला, कुपोषणजस्ता समस्या देखिने गरेको अस्पतालकी बालरोग विशेषज्ञ डा. करुणा ब्लोनले जानकारी दिनुभयो । अस्पतालमा दैनिक ६० जना बालबालिका विभिन्न समस्या लिएर स्वास्थ्य जाँच गराउन आउने गरेका छन् ।

डा. ब्लोनका अनुसार बालरोग ओपीडीमा आउने बालबालिकमा निमोनियाको समस्या पनि देखिने गरेको छ । जाडो बढ्दै गरेको क्रममा बालबालिकाले आफ्नो स्वास्थ्यमा ध्यान दिन आवश्यक रहेको उहाँको भनाइ छ । बालबालिकालाई छिट्टै चिसो लाग्ने कारणले जाडोमा धेरै ध्यान दिनुपर्ने डा. ब्लोनले बताउनुभयो ।

बालबालिकाले स्वास्थ्यमा हेलचेक्र्याइँ गर्ने हुँदा अभिभावकले समेत ध्यान दिन आवश्यक रहेको उहाँले बताउनुभयो । डा. ब्लोनका अनुसार बालबालिकालाई बाहिरी खानेकुरा खान नदिने, जाडोमा पानी कम खाने गरेकाले दिनमा पानीको मात्रामा ध्यान दिने, बालबालिकालाई समयमा आवश्यक खोप लगाउनेजस्ता कुरामा अभिभावक सचेत हुनुपर्नेछ । अस्पतालमा बारा जिल्लाको निजगढ, सिमरा तथा मकवानपुरकै बागमती गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिकालगायतका स्थानबाट सेवाग्राही रिफर भएर तथा जाँच गर्न आउने गरेका छन्। केहि बालबालिकाहरुमा हर्नियाजस्ता समस्या देखिएमा शल्यक्रिया गर्नुपर्ने डा. ब्लोनले बताउनुभयो ।

हेटौंडा अस्पतालको बालरोग ओपीडी तथा वार्डमा बिरामीको चाप गर्मी महिनामा भन्दा कम भएको छ । अस्पतालको बालरोग वार्डमा ९ जना बालबालिका भर्ना भएका छन्। अस्पतालले सामान्य रोग भएका बालबालिकालाई राख्ने वार्डमा सोमबार २ जना बालिका र एक बालक गरी ३ जना नयाँ भर्ना भएका थिए भने एक जना बालक डिस्चार्ज भएको बालरोग वार्डले जनाएको छ । अहिले वार्डमा ६ जना बालक र ३ जना बालिका भर्ना भएका छन् ।

वार्डमा १५ वर्ष मुनिका बालबालिकालाई राखिने गरिएको छ । वार्डमा बस्ने बालबालिकाहरुमा धेरै रगत संक्रमण तथा निमोनिया भएका छन् । साथै, केहि बालबालिकामा ज्वरो, आन्द्रा फाटेकालगायतका समस्या भएको वार्डले जानकारी दिएको छ ।

अस्पतालले रिफर गर्नुपर्ने बिरामीलाई अभिभावकको स्वेच्छाअनुसार तथा सरकारी अस्पताल पठाउने गरेको छ । वार्डका अनुसार अस्पतालले बिरलै रिफर गर्ने गरेको छ । हेटौंडा अस्पतालको बालरोग विभागमा २ जना चिकित्सक, ३ जना बालरोग सल्लाहकार डाक्टर, २ जना आवासीय डाक्टर र २ जना आन्तरिक डाक्टरहरुले सेवा दिरहनुभएको छ ।

# युवा पलायनको...

अर्थमा हैन, वास्तविक युवा ऊर्जा र परिपक्व जीवन र जगतको चेतको जगमा समेत बुझिनुपर्छ । यो वर्ग भविष्यप्रति आफ्नै पौरखबाट आश्वस्त हुन चाहन्छ । ऊसँग ऊर्जावान् आँट र जोश छ तर कतै अवसर देखेको छैन ।

हरेक राजनैतिक आन्दोलनपछि समाज उन्नत हुनुको साटो झन् झन् अधोगतिको यात्रामा ओरालो लागेको हजुर बा पुस्तादेखिका गुनासा सुनेको छ । लुछाचुँडी, जालझेल, ठगी र अत्याचार चलिरहेको देखेको र भोगेको छ। यो सबै स्वीकार्न उनीहरूलाई सकस परेको छरु।

गाउँघरदेखि शहरसम्म कार्यालयदेखि पसलसम्म ठूलाबडाको हैकम र मनोमानीको पीडा भोगेका छन् । हाम्रो जस्तो सामन्ती समाजमा युवाहरु अपहेलित, तिरस्कृत, उपेक्षित र असुरक्षित भएको महसुस गर्छन् । युवतीको अवस्था झनै दयनीय छ । यो सबै देखे-भोगेको युवा पुस्ताले समाज परिवर्तनका लागि आन्दोलन गर्ने आँट गुमाइसकेको छ ।

आफ्नै जिन्दगीलाई फर्केर हेर्न बिर्सेको आडम्बरी बूढो पुस्ताको छत्रछायाँमा जिउन बाध्य युवा सामन्ती समाजमा कहिल्यै सम्मानित भएर बाँच्न पाउँदैन । उसले उल्टै थेच्चिनु, होचिनु र हेपिनुपर्छ । अहिले भइरहेको बसाइँसराइ यिनै अन्तरविरोधको जगमा भएको विद्रोहको परिणाम समेत हो ।

रुसोले भने झैं मानिस स्वतन्त्र जन्मिन्छ र सामाजिक जञ्जालले बाधिँदै जान्छ। घरपरिवारमा बिताएको बाल्यकालबाट भर्खर समाजमा प्रवेश गरेको युवा मन र मस्तिष्क अन्य उमेर समूहको भन्दा स्वतन्त्र हुन्छ। यसको सबैभन्दा बलियो पक्ष भनेको यो आफ्नै अनुभवको पर्खालको जडताले घेरिएको हुँदैन र सबैखाले सामाजिक जञ्जालले बाँधिइसकेको पनि हुँदैन ।

यी सबैका समष्टिमा निसासिएको युवाले सास फेर्ने आशमा निकास खोजेको हो । यो यस अर्थमा, उनीहरूको रहर हैन बाध्यता हो । विडम्बना, यो बाध्यतासँगै उनीहरू थप असुरक्षित र निरीह देखिएका छन् । युवाहरू सामान्यतया स्वभावैले ऊर्जावान्, लचिला र सजिलै घुलमिल हुनसक्ने हुन्छन् । तर कलिलै उमेरमा पलायन हुन बाध्य युवा जमात धेरै दृढ, आशावादी र सुरक्षित भने छैनन् ।

मुख्यतः उनीहरूको पारिवारिक र पारस्परिक सम्बन्धको सांस्कृतिक जालो भत्किएको छ। पारिवारिक संस्कृतिमा हुर्केका उनीहरु व्यक्तिवादी समाजमा अभ्यस्त नहुँदा आफ्नै परिस्थितिको दास भएका छन्।

अहिले भइरहेको वैदेशिक यात्रालाई मलजल गर्न विश्वव्यापी प्रकृति तथा वातावरणीय र खानेकुराको संकट नै पर्याप्त छ । खासगरी, जलवायु परिवर्तनले धेरै मानिसलाई निकट भविष्यमै वातावरणीय तथा खाद्य शरणार्थी बनाउँदैछ । यसले बसाइँसराइ अझै पेचिलो बनाउने निश्चित छ । यो सम्भावित परिणामको सामना गर्न युवा पुस्ताको आश जगाउन नसके यो संकट झनै गहिरिंदैछ ।

यो सबै कुरालाई आत्मसात् गर्दै अब युवालाई आफ्नै देशमा भविष्य सम्हाल्न ब्युँझिनुको विकल्प छैन । अरूले त सके यिनलाई यसतर्फको यात्रामा साथ दिऔं, नसके उनीहरुको आफ्नो भविष्यतर्फको यात्रामा दृढ भई अघि बढ्न बाटो छोडिदिऔं । यसैमा हामी सबैको कल्याण छ । *(स्रोतः अनलाईनखबर)*

# धनुषामा बुढ्यौली साहित्य समाज पुनर्गठन

समाज संवाददाता

हेटौँडाः धनुषा जिल्लामा बुढ्यौली साहित्य समाज पुनर्गठन गरिएको छ । सोमबार साहित्यप्रेमी तथा शैक्षिक धरोहर नारायण विक्रम थापाको प्रमुख आतिथ्य एवम् बुढ्यौली साहित्य समाज मधेश प्रदेश समिति सदस्य तथा बर्दिवास साहित्यिक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष रामचन्द्र पौडेलको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

सोमबार पुनर्गठित सात सदस्यीय समितिको अध्यक्षमा नानीराम दहाल, उपाध्यक्षमा टोपप्रसाद अधिकारी, सचिवमा भक्तबहादुर योन्जन, कोषाध्यक्षमा दुर्गा दहाल चयन हुनुभएको छ। यस्तै सदस्यमा नीलहरि गजुरेल, बालकृष्ण पहाडी र मुनादेवी दहाल चयन हुनुभएको छ । कार्यक्रममा प्रमुख अतिथि नारायण बिक्रम थापाले बुढ्यौली साहित्य समाज धनुषा गठनले साहित्यिक क्षेत्रमा एउटा इँटा थपिएको बताउनुहुँदै नयाँ समितिलाई मष्तिष्कमा समझदारी, हृदयमा इमान्दारी र काँधमा जिम्मेवारी लिएर हिँडे उद्देश्यमा पुग्न सकिने सुझाव दिनुभयो ।





# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले


# शहिद स्मारकको रमाईलो भ्रमण



**प्रिन्सिका पाख्रिन/कक्षा-५**

यहि मंसिर महिनाको २२ गते शुक्रबार हाम्रो विद्यालयको हामी कक्षा चार र पाँच गरी दुईवटा कक्षाका विद्यार्थीहरु शहिद स्मारकको भ्रमणमा गएका थियौं । कक्षा ४ 'ए' बस र ५ भने 'बि' बसमा सवारभै लगभग बिहानको १०:४० तिर हामीले शहिद स्मारक तर्फको यात्रा सुरु गर्‍यौं । बाटोमा बसको अघिल्लो र पछिल्लो भागमा बस्ने विद्यार्थीहरुको दुई समुह बनाएर अन्ताक्षरी खेल्यौं । 'ए' बसमा आयुश्मा मिस, कौशल्या दिदी र बस चालक राम अंकल हुनुहुन्थ्यो भने 'बि' बसमा ज्योति मिस, करुणा दिदी र बस चालक कृष्ण अंकल हुनुहुन्थ्यो । करिब ११:३० तिर हामी शहिद स्मारक पुग्यौं । हामी सबै बसबाट उत्रियौं र लाइन बनाएर स्मारक भित्र लाग्यौं । भित्र पुगेपछि हामी सबैले एकै ठाउँमा आफ्ना झोलाहरु बिसायौं अनि आफुले लिएर गएको पैसा आफ्नो ड्रेसको खल्तीमा राख्यौं । केही समय त्यहाँ बसेपछि हामी खेल्ने ठाउँ तिर गयौं । त्यहाँ डुङ्गा र रोटेपिङ थियो, जुन खेल्न एक जनाको सय रुपैयाँ लाग्ने रहेछ । हामीले डुङ्गा खेल्ने निधो गर्‍यौं । डुङ्गामा खेल्दा धेरैजनाले डराएर मुन्टो निहुराए, कत्ति साथीहरू त रोएर डुङ्गा रोक्दिनु भन्न थाले र केही भने डुङ्गाबाट उत्रिएपछि पनि रुँदै थिए । सबैजनाले खेलिसकेपछि हामी स्मारकको चिडियाखाना भए तिर गयौं । त्यहाँ गोही, कछुवा, खरायो, बेलायती मुसा, चितुवा, लक्का परेवा, जरायो, हुचिल, गिद्ध लगायत अन्य धेरै जनावरहरु थिए । सबै तिर घुमेपछि हामी हाम्रो झोलाहरु राखेको ठाउँमा पुग्यौ । त्यहाँ बसेर हामीले आफुले लगेको खाजाहरु मिलेर खायौं र खाइसकेपछि वरपर सरसफाइ पनि गर्‍यौं । त्यसपछि हामी क्रमबद्ध भएर बस भए तिर गयौं । सबैजना बसमा बसेर स्मारकलाई बाईबाई भन्दै हामी विद्यालय तर्फ फर्कियौं । यति बेला २ बजेर १० मिनेट जति गएको हुँदो हो । घर फर्कँदा बाटोमा घर पर्ने विद्यार्थीहरुलाई घर नजिकको चोक चोकमा ओराल्दै बस विद्यालय भए तर्फ लाग्यो ।

यसरी हाम्रो एक दिनको छोटो भ्रमण रमाइलो रह्यो । हामीले धेरै कुराहरु सिक्न पनि पायौं । यसको लागि म सबै मिसहरु, सहयोगी दिदीहरु, चालक अंकलहरु तथा विद्यालयलाई पनि धन्यवाद दिन चाहन्छु ।

## विदा मिलान गरिएको बारे जरूरी सूचना !

**आदरणीय अभिभावकज्यूहरू,**

यस विद्यालयको शैक्षिक क्यालेण्डर अनुसार चैत्र महिनामा शुरुवातमा हुने एस.ई.ई परीक्षा र विद्यालयको समेत वार्षिक परीक्षालाई मध्यनजर गरी फागुन महिनाको ३, ४ र ६ गतेको विदालाई कट्टा गरी सो विदालाई यसै मङ्सिर महिनाको २७ र २८ गते हुने गरी अघि सारिएको र शिक्षक तथा कक्षा १० का विद्यार्थीहरुको शैक्षिक भ्रमण समेत सोही अनुरुप व्यवस्थापन गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

पुनश्चः मंसिर २७ र २८ गते तथा मंसिर २९ गते अन्तिम शुक्रबार समेत विद्यालयको पठनपाठन बन्द रहनेछ ।

थप जानकारीको लागि विद्यालयका सूचना अधिकारीलाई सम्पर्क गर्नुहोला ।

**सम्पर्क नः ९८५५०१३९७७, ९८४०५०४४४६**

# ट्राफिक व्यवस्थापनसम्बन्धी छलफल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका विभिन्न जिल्लाको ट्राफिक व्यवस्थापनमा देखिएका समस्या र चुनौतीसम्बन्धी छलफल तथा अन्तरक्रिया भएको छ । सोमबार प्रदेश प्रहरी कार्यालय हेटौंडाको आयोजनामा अन्तरक्रिया कार्यक्रम भएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक किरण राणाको प्रमुख आतिथ्यमा अन्तरक्रिया भएको हो । कार्यक्रममा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख एवम् नेपाल प्रहरी प्रमुख कार्यालय महाशाखा प्रमुखको सहभागिता रहेको थियो ।

कार्यक्रममा धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर र चितवन जिल्लाका ट्राफिक प्रहरी प्रमुखको सहभागिता रहेको थियो । छलफलको क्रममा जिल्लाका ट्राफिक प्रहरी प्रमुखहरुले जिल्लामा आफ्नो कार्यालयबाट भएको काम, काममा देखिएको समस्या र समाधानका लागि प्रदेश प्रहरीले कार्यालयले गर्नुपर्ने कामको बारेमा जानकारी गराएका थिए । छलफलमा सहभागी ट्राफिक प्रहरीहरुले दुर्घटना बढ्नुमा सवारी साधनको उच्च चाप, साँघुरो सडक, कच्ची सडक, तिब्र गतिमा सवारी साधन चलाउने जस्ता समस्या आएको बताएका छन् ।

प्रदेशका हरेक ट्राफिक प्रहरी कार्यालयमा कार्मचारीको दरबन्दी कम भएको प्रहरीको भनाइ रहेको छ। प्रदेशका ट्राफिक प्रहरी कार्यालयहरुमा भवनको अभाव, सवारी साधनको अभाव, कार्यालयमा आवश्यक पर्ने स्रोत साधनको अभाव रहेको ट्राफिक प्रहरी प्रमुखको गुनासो रहेको छ । सडक निर्माण गर्दा वैज्ञानिक तरिकाले नभएकाले सडक निर्माणको क्रममा सुधारको आवश्यकता रहेको उहाँहरुको भनाइ छ ।


## बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

सुकराम केसी
वडा अध्यक्ष तथा
९ नम्बर वडा कार्यालय परिवार

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

# खेलकुद तथा व्यापार महोत्सवको तयारी बैठक

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिले हेटौंडामा आयोजना गर्न लागेको खेलकुद तथा व्यापार महोत्सवको तयारी सुरु भएको छ। सोमबार मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा महोत्सवसम्बन्धी विभिन्न निर्णय गरिएको हो ।

मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति संस्था नेपालको आयोजनामा आगामी पुस ५ गतेदेखि १७ गतेसम्म खेलकुद व्यापार महोत्सव हुनेछ। बैठकमा १४ वटा खेलकुद संघका पदाधिकारीहरुको उपस्थितिमा विभिन्न निर्णय गरिएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको संयजकत्वमा १ सय १ सदस्यीय महोत्सव मुल आयोजक समिति बनाइने निर्णय बैठकले गरेको छ । महोत्सवमा हुने प्रतियोगिताका लागि जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुखको संयोजकत्वमा विभिन्न खेल संघका पदाधिकारी सदस्य रहने निर्णय गरिएको छ।

यस्तै, महोत्सवमा विभिन्न खेलहरुका पूर्वअध्यक्षहरुको पनि सहभागिता रहने बताइएको छ। महोत्सव आयोजनाका लागि एभरेष्ट बैंकमा वेश खड्गी र शोभा घिमिरेको संयुक्त दस्तखत रहने गरी खाता सञ्चालन गरिने निर्णय भएको बताइएको छ । बैठकले महोत्सवमा आयोजना हुने विभिन्न खेलका लागि संयोजक र मिति तोकेको छ ।

महोत्सवअन्तर्गत् एथ्लेटिक्स खेल प्रभाकर पाण्डेको संयोजकत्वमा पुस ५ गते हुनेछ। सुनिल खड्कीको संयोजकत्वमा पुस ५ गतेदेखि ९ गतेसम्म कराँते खेल हुनेछ भने विक्रम लामिछानेको संयोजकत्वमा पुस ९ गते तेक्वान्दो खेल हुनेछ ।

यस्तै, केवल बानियाँको संयोजकत्वमा ब्याडमिन्टन खेल आयोजना हुनेछ। विश्वनाथ पाठकको संयोजकत्वमा पुस ११ र १२ गते उसु खेलको आयोजना गरिने निर्णय बैठकले गरेको छ। यस्तै, प्रकाश माझीको संयोजकत्वमा आइटीएफ, आशीष थापाको संयोजकत्वमा फुटबल, सुनिल लोप्चनको संयोजकत्वमा रेसलिङ, सन्तोष श्रेष्ठको संयोजकत्वमा भलिबल, मनोज श्रेष्ठको संयोजकत्वमा हक्की खेल आयोजना हुनेछ ।

अनिल दहालको संयोजकत्वमा बक्सिङ, किशोर श्रेष्ठको संयोजकत्वमा फुल कन्ट्र्याक्ट कराँते, सुनिल नेपालीको संयोजकत्वमा कबड्डी र करन महत्रा क्षेत्रीको संयोजकत्वमा क्रिकेट आयोजना गरिने निर्णय गरिएको छ ।

# हटियाकी प्रजा मनहरीमा मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-७ निर्मलबस्तीमा एकजना युवती मृत फेला परेकी छन् । मृत फेला पर्नेमा हेटौँडा-१७, हटियाकी २० वर्षीया कान्छी प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रहरीका अनुसार शनिबार प्रजा आफन्त शान्ति प्रजाको घरमा गएकी थिइन् । प्रजा बेलुका खाना खाएर कोठामा सुतेकोमा बिहान मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# २ दिने छात्रा आत्मरक्षा तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडामा २ दिने छात्रा आत्मरक्षा तालिम सम्पन्न भएको छ । हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा तथा परिवर्तनका लागि युवा संस्था मकवानपुरको समन्वयमा आइतबार र सोमबार २ दिने छात्रा आत्मरक्षा तालिम कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले गर्नुभएको हो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका सामुदायीक र संस्थागत विद्यालयका एक सय जना छात्राको उपस्थिति रहेको थियो। तालिममा कराँतेका विष्णुभक्त लामा, जिल्ला प्रहरी कार्यालयका प्रहरी संगीता लामा, अधिवक्ता इश्वर राज ढकाललगायतले विभिन्न विधामा परामर्श दिनुभएको थियो। छात्राको आत्मरक्षा र प्रोत्साहनस्वरुप तालिमको आयोजना गरिएको संस्थाका अध्यक्ष दिपेश कार्कीले जानकारी दिनुभयो । आगामी दिनमा संस्थाले युवा, बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रम गर्ने कार्कीले बताउनुभयो।

# सुनकोसी नदी हामफालेकी तामाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको सुनापती गाउँपालिका-४ स्थित सुनकोसी नदीमा हामफालेकी ६८ वर्षीया सुनकान्छी तामाङ मृत्यु भएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारी अनुसार तामाङ आइतबार बिहान १० बजेर ४० मिनेटको समयमा सुनकोसी नदीमा हामफालेकी थिइन् । स्थानीय र प्रहरीको सहयोगमा शव नदीको किनारबाट बाहिर निकालेका थिए ।

हार्दिक बधाई



यस वनदेवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड हेटौंडा-७ का आदरणीय अध्यक्ष श्री **विजय बहादुर बस्नेत** जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको यहि २०८० मङ्सिर २३ गते सम्पन्न १८ औं साधारणसभाबाट सहसचिव पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नारायण प्रसाद ढकाल, व्यवस्थापक
एवम् वनदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. परिवार
हेटौंडा-७, नागस्वती जागरणपथ

हार्दिक बधाई

जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको १८ औं साधारणसभाबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।




दिनेश विडारी, अध्यक्ष
एवम् उपयोगी सहश्राव्दी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-११, मकवानपुर

फुलमान श्रेष्ठ, अध्यक्ष
एवम् नवयुवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-११, मकवानपुर

सुशान्त तिमल्सिना, व्यवस्थापक
एवम् परिचय बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मकवानपुर

भोजमान श्रेष्ठ, अध्यक्ष
एवम् पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मकवानपुर

दिलिश गोविन्द जोशी, अध्यक्ष
एवम् प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मकवानपुर

विजय कुमार श्रेष्ठ, अध्यक्ष
एवम् चौघडा बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-६, चौघडा

नारायणप्रसाद देवकोटा, अध्यक्ष
एवम् जिल्ला सहकारी संघ मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

देवीप्रसाद दाहाल, अध्यक्ष
एवम् रुद्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-५, मकवानपुर

कृष्णप्रसाद सापकोटा, अध्यक्ष
एवम् आधुनिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-१६, हटिया

अरुण कुमार खतिवडा, अध्यक्ष
एवम् वंशगोपाल बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-१८, हर्नामाडी

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ